# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, पुस ११ गते, २०७३ साल (संख्या ४५


## भाग ३

नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

राष्ट्रिय प्रसारण (आठौं संशोधन) नियमावली, २०७३

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम राष्ट्रिय प्रसारण (आठौं संशोधन) नियमावली, २०७३ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४क. मा संशोधन : राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४क. को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएको छ :-

(क) काठमाडौं महानगरपालिका, विराटनगर, वीरगञ्ज, ललितपुर र पोखरा उपमहानगरपालिका क्षेत्रमा चार वर्षभित्र,

(ख) खण्ड (क) बाहेकका उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा चार वर्ष छ महिनाभित्र ।

आज्ञाले,

दिनेशकुमार थपलिया

नेपाल सरकारको सचिव